प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज काठमाडौं
"दण्डहिनता विरुद्ध CIB को अभियान"

बिषय :- **प्रेस विज्ञप्ती** मिति २०७६/०९/१९ गते।

## "कुख्यात अपराधी पक्राउ"

**विशेष गरि धादिङ्ग जिल्लाको उत्तरी भेगमा विभिन्न हत्या, डकैती तथा लुटपाट मच्चाई सर्वसाधारणमा त्रास फैलाई रहेका कुख्यात अपराधी साइला भन्ने दुर्गा बहादुर तामाङ्ग आफ्नो सही पहिचान समेत बदली छदम परिचय बनाई लुकीछिपी कास्की जिल्लाको चुम्राङ्ग भन्ने ठाउमा बसिरहेको अवस्थामा यस कार्यालय बाट खटिईगएको बिशेष टोलिले निजको पिछा गर्ने क्रममा मिति २०७६/०९/१८ गते जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.२५ खुट्टेगौंडाबाट पक्राउ गरि आवश्यक कानूनी कारवाहीको लागि मिति २०७६/०९/१९ गते जिल्ला प्रहरी कार्यालय धादिङ्गमा बुझाईएको।**

१. मुद्दा : ज्यान सम्बन्धी कसूर
मृतक : शिव थापा
जाहेरवाला : भगवान थापा
घटना मिति : २०६७/०७/१० गते
घटना स्थल : जि.धादिङ्ग दार्खा -१ पातले भिर
प्रतिबादी : साईला भन्ने दुर्गा बहादुर तामाङ्ग समेत
सजाँय : प्रतिबादी हरू मध्येका साईला भन्ने दुर्गा बहादुर तामाङ्गलाई सम्मानित धादिङ्ग जिल्ला अदालतबाट निजउपर ५ वर्ष कैद तोकिएको।

**घटना विवरण :**
मिति २०६७/०७/१० गते जि.धादिङ्ग दार्खा -१ पातले भिर स्थितमा धारिलो हतियार प्रहार गरी मारेकोमा सम्मानित धादिङ्ग जिल्ला अदालतबाट ५ वर्ष सजाँय तोकिएको।

२. मुद्दा : ज्यान सम्बन्धी कसूर
मृतक : भिषण सिंखडा
घटना मिति : २०६९/०८/१९ गते
घटना स्थल : जि.धादिङ्ग दार्खा -१ रातमाटे
प्रतिबादी : साईला भन्ने दुर्गा बहादुर तामाङ्ग समेत

**घटना विवरण :**
मिति २०६९/०८/१९ गते जि.धादिङ्ग दार्खा -१ रातमाटे स्थित दुर्गे साईला भन्ने दुर्गा बहादुर तामाङ्ग समेतले धारिलो हतियार प्रहार गरी मृतक भिषण सिंखडालाई हत्या गरी घटना पश्चात फरार भएको।

३. मुद्दा : डाँका
जाहेरवाला : कैलाश दिक्षित
घटना मिति : २०७६/०२/०८ गते
घटना स्थल : जि.धादिङ्ग खनियाबास गा.पा.वडा नं.१ पर्चे भन्ने स्थान
प्रतिबादी : साईला भन्ने दुर्गा बहादुर तामाङ्ग समेत

**घटना विवरण :**

मिति २०७६/०२/०८ गते जाहेरवाला कैलाश दिक्षितलाई अं. १४:०० बजेको समयमा जि.धादिङ्ग खनियाबास गा.पा.वडा नं.१ पर्चे भन्ने स्थानमा प्रतिबादीहरू साइला भन्ने दुर्गा ब. तामाङ्ग, पूर्ण तामाङ्ग, मनोज तामाङ्ग र बबिन तामाङ्ग समेतका मानिसहरूले बाटो छेकी घेरा हाली धारिलो हतियार खुकुरी देखाई ज्यान मार्ने धम्की दिई जाहेरवालाको साथबाट नगद रु. ६,१०,०००।– ( छ लाख दश हजार ) र मोबाईल समेत लुटी घटनास्थलबाट फरार रहेका ।

**पक्राऊ अभियूक्तको विवरण:**



१. **नाम** : दुर्गा बहादुर तामाङ्ग
**उपनाम** : साईला
**उमेर** : ३७ वर्ष
**ठेगाना** : जिल्ला धादिङ्ग खनियाबास गा.पा.वडा नं. ४
**पेशा** : मजदुरी
**शै. यो.** : २ कक्षा पास
**पक्राऊ मिति** : २०७६/०९/१८ गते ।
**पक्राऊ स्थान** : जिल्ला कास्की पोखरा म.न.पा.वडा नं. २५ खुद्देगौंडा

प्रहरी उपरीक्षक
(वेल बहादुर पाण्डे)
प्रवक्ता
सम्पर्क नंबर:- ९८५१२९१३११